# प्रदेश स्तरीय खेलकूद प्रतियोगिता सञ्चालन कार्यविधि,२०८०

**प्रस्तावनाः** खेल प्रतिभाहरुको स्थानीय स्तर देखि नै खोजी र पहिचान गरी प्रदेश स्तरमा प्रतिभावान खेलाडी उत्पादन गर्ने, रास्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा राम्रो प्रदर्शन गरेका खेलाडीहरुलाई पुरस्कृत र सम्मान गर्ने तथा गर्नको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने प्रयोजनका लागि प्रदेश स्तरमा सञ्चालन हुने विभिन्न खेलकूद प्रतियोगिताहरुलाई मर्यादित र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकारले यो कार्यविधि जारी गरेको छ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश स्तरीय खेलकूद प्रतियोगिता सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२.**परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यकारी समिति" भन्नाले प्रदेशबाट संचालन तथा समन्वयमा हुने खेलकूद प्रतियोगिताको सञ्चालन तथा व्यवस्थापनको लागि दफा १३ बमोजिम गठित कार्यकारी समितिलाई सम्झनु पर्छ।

(ख) "जिल्ला खेलकुद विकास समिति" भन्नाले रास्ट्रिय खेलकूद परिषद् मातहत मधेश प्रदेशमा पर्ने ८ (आठ) जिल्लाका सम्बन्धित खेलकूद हेर्ने समिति बुझ्नुपर्नेछ

(ग) "प्रतियोगिता" भन्नाले प्रदेश खेलकूद व्यवस्थापन समितिले आयोजना गर्ने तथा उक्त परिषद् प्रदेश तथा समितिको समन्वयमा सञ्चालन हुने सबै प्रकारका खेलकूद प्रतियोगितालाई सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले मधेश प्रदेशलाई सम्झनु पर्छ।

चुडामणि फुयाल
प्रदेश सचिव

(ङ) "मन्त्रालय" भन्नाले मधेश प्रदेश सरकारको खेलकूद विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(च) "समिति" भन्नाले दफा ११ अन्तर्गत प्रदेश खेलकूद व्यवस्थापन समिति सम्झनु पर्छ।

परिच्छेद-२

## उद्देश्य

३ उद्देश्य : यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:-

(क) प्रदेश स्तरमा सञ्चालन हुने विभिन्न खेलकूद प्रतियोगितालाई मर्यादित र व्यवस्थित बनाउने,

(ख) खेलकूदलाई जनस्तरसम्म खेल जागरण अभियानको रुपमा विकसित गराउने,

(ग) स्थानीय, जिल्ला, प्रदेश र राष्ट्रिय प्रतियोगिताको माध्यमबाट तहगत रुपमा उत्कृष्ट खेलाडीहरुको पहिचान र संरक्षण गर्ने,

(घ) प्रतिभाशाली खेलाडीहरुको छनौट गरी प्रशिक्षण सञ्चालन गर्ने,

(ङ) युवाहरुलाई खेलकूद प्रति आकर्षित गरी खेल संस्कृतिको विकास गर्ने,

(च) राष्ट्रिय प्रतियोगितामा प्रदेशको सहभागिताका लागि खेलाडी छनौट गरी नियमित प्रशिक्षणको व्यवस्था मिलाउने,

(छ) जिल्ला तथा प्रदेश स्तरमा खेल पूर्वाधार निर्माण एवम् मर्मत गरी प्रशिक्षण र प्रतियोगता सञ्चालन गर्ने।



चुडामणि फुयाल
प्रदेश सचिव

## परिच्छेद- ३

## खेल तथा खेलाडी छनौट र प्रतियोगिताको स्वरुप

४. **प्रतियगिताको स्वरुपः** प्रदेश खेलकूद प्रतियोगिताको स्वरुप स्थानीय स्तरको प्रतियोगिता मार्फत छनौट, जिल्ला स्तरको प्रतियोगिता मार्फत छनौट र प्रदेश स्तरको प्रतियोगिता गरी प्रदेश विजेता छनौट गर्ने गरी सम्पन्न गरिनेछ।

५.**स्थानीय स्वरुपः** स्थानीय तहले प्रतियोगिता वा छनौट मार्फत उत्कृष्ट तथा प्रतिभाशाली खेलाडीहरुको टिम तयार गरी जिल्ला प्रतियोगितामा सहभागी गराउनु पर्नेछ । स्थानीय स्तरको खेलकूद प्रतियोगिताको सञ्चालन तथा व्यवस्थापन सम्बन्धित स्थानीय तहले गर्नेछ।

६.**जिल्ला प्रतियोगिताः** (१) जिल्लामा आयोजना हुने खेलको सञ्चालन तथा व्यवस्थापन प्रदेश खेलकूद व्यवस्थापन समितिले तय गरेको कार्यक्रम तथा निर्देशन अनुसार सम्बन्धित जिल्ला खेलकुद विकास समितिबाट हुनेछ । जिल्ला स्तरमा प्रतियोगिता सञ्चालन गर्दा जिल्ला प्रशासन कार्यालय, शिक्षा हेर्ने निकाय, जिल्ला समन्वय समिति, सुरक्षा निकायहरुसँग आवश्यक समन्वय गरी कार्य गर्नु पर्नेछ।

(२) जिल्ला खेलकुद प्रतियोगिता सञ्चालनार्थ समितिको सिफारिसमा मन्त्रालयले जिल्ला खेलकूद विकास समितिलाई आवश्यक बजेट उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको अनुदान रकम जिल्ला खेलकूद विकास समितिले देहायका विषयमा खर्च गर्नुपर्नेछः-

(क) खेल सामाग्री

(ख) खेल मैदान

(ग) बन्द प्रशिक्षण

(घ) खेल पोशाक

(ङ) खाजा खेलाडी प्रशिक्षक व्यवस्थापक दैनिक भ्रमण भत्ता निर्णायक

(च) मसलन्द

चुडामणि फुयाल
प्रदेश सचिव

(४) जिल्ला प्रतियोगितामा सहभागी भएका टिम, खेलतर्फ विजयी टिमका साथै सहभागी अन्य टिमका प्रतिभाशाली खेलाडीहरु तथा व्यक्तिगत प्रतिस्पर्धा तर्फका विजयी खेलाडी समेतलाई समावेश गरी उत्कृष्टताको आधारमा जिल्ला टिम तयार गरी प्रदेश प्रतियोगितामा सहभागी गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमका खेलाडीहरुको टिम तयार गर्न देहाय बमोजिमको खेलाडी छनौट समिति रहनेछः-

(क) अध्यक्ष, जिल्ला खेलकूद विकास समिति - संयोजक

(ख) जिल्ला खेलकूद विकास समितिद्वारा मनोनित सम्बन्धित खेलको वरिष्ठ प्रशिक्षक एक जना - सदस्य

(ग) जिल्ला खेलकूद विकास समितिका कार्यालय प्रमुख सदस्य - सचिव

(६) जिल्लास्तरीय प्रतियोगिता स्थल छनौट गर्दा जिल्ला खेलकूद विकास समितिले प्रदेश खेलकूद व्यवस्थापन समितिसँग समन्वय गरी छनौट गर्नु पर्नेछ ।

७. <u>प्रदेश प्रतियोगिताः</u> (१) प्रदेशमा आयोजना हुने खेलको सञ्चालन तथा व्यवस्थापन खेलकूद सम्बन्धी प्रदेश कानून बमोजिम गठित प्रदेश खेलकूद परिषद् बाट हुनेछ । तर त्यस्तो कानून नबनेको तथा प्रदेश खेलकूद परिषद् गठन नभएको अवस्थामा प्रदेश स्तरमा आयोजना हुने खेलको सञ्चालन तथा व्यवस्थापन गर्न मन्त्रालय मातहत दफा ११ बमोजिमको सदस्य रहने गरी एक प्रदेश खेलकूद व्यवस्थापन समिति गठन गरिनेछ।

(२) खेलाडी, प्रशिक्षक, निर्णायक तथा अफिसियललाई प्रदान गरिने नगद पुरस्कार तथा सुविधाहरु दफा १९ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) प्रतियोगितामा गरिने खर्चको मापदण्ड दफा २० बमोजिम हुनेछ।

८.<u>प्रतियोगिता सञ्चालन समय सीमा र टिम छनौटः-</u> (१) समितिले प्रतियोगितामा समावेश हुने खेलहरुको निर्माण गरी स्थानीयस्तर र जिल्लामा खेल सञ्चालन हुने क्यालेण्डर सहितको समय सीमा तोक्नुपर्नेछ।

(२) उपदफा (१) को समय सीमा भित्र स्थानीय तहले प्रतियोगिता वा छनौट गरी जिल्ला प्रतियोगिताका लागि पठाउनु पर्नेछ।

(३) प्रदेश स्तरमा प्रतियोगिता सञ्चालन गर्दा प्रतियोगिता सञ्चालन हुने जिल्लाको जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, नेपाली सेना, नेपाल प्रहरी, प्रदेश

प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, शिक्षा हेर्ने निकायका प्रदेश स्तरीय कार्यालयसँग आवश्यक समन्वय गरी कार्य गर्नु पर्नेछ।

९. **खेलाडी दर्ताः-** जिल्ला तथा प्रदेश खेलकूद प्रतियोगितामा सहभागी हुने खेलाडीहरुको नाम दर्ताका लागि समितिले तोकेको मिति भित्र अनुसूची-१ बमोजिमको फारम जिल्ला खेलकूद विकास समितिबाट उपलब्ध गराएको दर्ता फारम भरी जिल्ला प्रतियोगितामा सहभागी हुनेको हकमा जिल्ला खेलकूद विकास समितिलाई र प्रदेश प्रतियोगितामा सहभागी हुनेहरुको हकमा प्रदेश खेलकूद व्यवस्थापन समितिलाई उपलब्ध गराउनु पर्नेछ।

१०. **मूल आयोजक समितिः-** (१) प्रदेशस्तरीय खेलकूद प्रतियोगिता सञ्चालन गर्न मन्त्रालयका मन्त्रीको अध्यक्षतामा देहायका सदस्य रहेको एक प्रदेश स्तरीय खेलकूद प्रतियोगिता मूल आयोजक समिति रहनेछ।

क. प्रदेश सभाका खेलकूदसँग सम्बन्धित समितिका सभापति एवं सदस्य - संयोजक

ख. प्रतियोगिता आयोजना हुने सम्बन्धित जिल्लाका प्रदेश सभाका माननीय सदस्यहरु - सदस्य

ग. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव - सदस्य

घ. मन्त्रालयका सचिव - सदस्य

ङ. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव - सदस्य

च. गृह,सञ्चार तथा कानून मन्त्रालयका सचिव - सदस्य

छ. प्रतियोगिता आयोजना हुने सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी - सदस्य

ज. सुरक्षा निकायका प्रमुखहरु - सदस्य

झ. आयोजना हुने सम्बन्धित स्थानीय तहका प्रमुखहरु - सदस्य

ञ. प्रदेश प्रहरी कार्यालयका प्रमुख - सदस्य

ट. मन्त्रालयको खेलकूद हेर्ने महाशाखा प्रमुख - सदस्य

ठ. प्रदेश खेलकूद व्यवस्थापन समितिका प्रमुखहरु - सदस्य

ड. प्रतियोगितामा समावेश हुने खेलका प्रदेश खेल संघका अध्यक्षहरु - सदस्य

ढ. उद्योग व्यापार क्षेत्रका संस्थाका प्रमुखहरु - सदस्य

ण. सम्बन्धित मन्त्रालयको खेलकुद शाखा हेर्ने शाखा अधिकृत - सदस्य सचिव

(२) मूल आयोजक समितिको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ तर उक्त बैठक प्रतियोगिताको तयारी चरण र प्रतियोगिता समाप्ति पछि समीक्षाको लागि अनिवार्य रुपमा बस्नेछ।

(३) आवश्यकता अनुसारका अन्य सरोकारवालालाई अध्यक्षको सहमतिलिई बैठकमा आमन्त्रण गर्न सकिनेछ।

११. <u>प्रदेश खेलकूद व्यवस्थापन समितिः-</u> (१) प्रदेशस्तरीय खेलकूद प्रतियोगिताको आवश्यक व्यवस्थापन, समन्वय, निर्देशन तथा अनुगमन र मूल्याङ्कन गर्न देहाय बमोजिमको प्रदेश खेलकूद व्यवस्थापन समिति गठन गरिनेछः-

(क) मन्त्री, खेलकूद तथा समाज कल्याण मन्त्रालय - अध्यक्ष

(ख) प्रदेश सभाका खेलकूद हेर्ने विषयगत समितिका सभापति - सदस्य

(ग) सचिव, अर्थ मन्त्रालय - सदस्य

(घ) सचिव, खेलकूद तथा समाज कल्याण मन्त्रालय - सदस्य

(ङ) सचिव, गृह, सञ्चार तथा कानून मन्त्रालय - सदस्य

(च) प्रतियोगिता आयोजना स्थलका स्थानीय तहका प्रमुख - सदस्य

(छ) प्रमुख, प्रदेश प्रहरी कार्यालय - सदस्य

(ज) प्रदेश स्तरमा खेलकूदको क्षेत्रमा खेलाडी वा रेफ्री वा प्रशिक्षक वा व्यवस्थापक भई दश वर्ष काम गरेका वा खेलकूद क्षेत्रमा अध्ययन, अनुसन्धान, प्रवर्द्धनात्मक कार्य गरेका खेलकूद विज्ञ मध्येबाट एक जना महिला सहित अध्यक्षले मनोनित गरेका तीन जना - सदस्य

(झ) मन्त्रालयको खेलकूद हेर्ने महाशाखा प्रमुख - सदस्य सचिव

(२) समितको बैठकमा नेपाली सेना र सशस्त्र प्रहरी वलका प्रदेश स्तरीय कार्यालयका प्रमुखलाई आमन्त्रण गर्न सकिनेछ ।



चुडामणि फुयाल
प्रदेश सचिव

(३) प्रदेश खेलकूद परिषद् स्थापना भएपछि यो समिति स्वतः विघटन हुनेछ तर यस समितले गरेका सम्पूर्ण कामकारवाही परिषद्ले गरेको मानिनेछ । प्रदेश खेलकूद समिति गठन हुन नसकेमा मन्त्रालयले मनोनित सदस्यहरु हरेक आर्थिक वर्षमा आवश्यक्ता अनुसार हेरफेर वा निरन्तरता दिन सक्नेछ।

(४) खेलकूद क्षेत्रमा कम्तिमा अधिकृत स्तरको तीन वर्षको कामको अनुभव भएको वा खेलकूदको क्षेत्रमा खेलाडी वा रेफ्री वा प्रशिक्षक वा व्यवस्थापक भई पाँच वर्ष काम गरेको व्यक्ति मध्ये एक जनालाई खेलकूद प्रतियोगिता अवधिभरको लागि खेलकूद व्यवस्थापन सम्वन्धि काममा मन्त्रालयलाई सहयोग पुर्याउन अधिकृत छैठौं स्तरको तलव सुविधा पाउने गरी करार सम्झौता गरी सेवा परामर्श लिन सकिनेछ । त्यसरी करार सम्झौता गरी सेवा परामर्श आवश्यक भएमा प्रचलित कानून बमोजिम गर्नुपर्ने र सो सेवा परामर्श लिनु पर्दा खेलकूद प्रतियोगिता सञ्चालन सम्बन्धी बजेटबाट नै खर्च गरिनेछ।

(६) बैठक बस्दा समितिका सदस्यहरुले नियमानुसार बैठक भत्ता पाउने छन्।

१२. **प्रदेश खेलकूद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**- प्रदेश खेलकूद व्यवस्थापन समितिका काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) प्रदेश स्तरीय खेलकूद सम्बन्धी योजना तथा कार्यक्रम तय गर्ने र प्रदेश खेल क्यालेण्डर प्रकाशन गर्ने,

(ख) प्रदेश स्तरीय खेलकूद प्रतियोगिता आयोजना गर्ने र जिल्ला तथा स्थानीय स्तरका खेलकूद प्रतियोगिता आयोजना गर्न सहजिकरण र समन्वय गर्ने

(ग) खेलकूद सम्बन्धी संघ-संस्थालाई आर्थिक वा अन्य सहयोगका लागि मन्त्रालयलाई अनुमोदन गर्ने

(घ) खेलकूदको विकास, प्रवर्द्धन, अनुसन्धान, अध्ययन, तालिम लगायतका कार्य गर्ने, गराउने

(ङ) रङ्गशाला, खेलकूद मैदान तथा अन्य खेलकूद संरचनाको निर्माण, सञ्चालन, संरक्षण तथा रेखदेख गर्ने, गराउने

(च) खेलकूद सम्बन्धी संघसंस्थाको अनुगमन नियमन गर्ने,

(छ) फरक क्षमता भएका व्यक्तिको खेलकूदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था गर्ने, गराउने,

(ज) खेलकूद विकासको लागि गोष्ठी, सेमिनार आयोजना गर्ने,

(झ) खेलकूद विकासको लागि अन्य आवश्यक व्यवस्था गर्ने गराउने

(ञ) खेलाडीको अभिलेख राख्ने,

(ट) आवश्यकता अनुसार खेल समिति तथा उप समितिहरु गठन गर्ने,

(ठ) प्रशिक्षक वा रेफ्रिलाई तालिमको व्यवस्था गर्ने,

(ड) खेलकूदमा महिलालाई प्रोत्साहन गर्नको लागि विशेष कार्यक्रमहरु सञ्चालन गर्ने

(ढ) राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा राम्रो प्रदर्शन गरेका खेलाडीहरुलाई पुरस्कृत र सम्मान गर्ने तथा गर्नको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ण) प्रतियोगिताको समग्र अनुगमन, मुल्याङ्कन तथा निरीक्षण गर्ने,

(त) प्रतियोगितालाई व्यवस्थित ढङ्गले सञ्चालन गर्नका लागि उपसमितिहरुलाई मार्गदर्शन गर्ने र आवश्यकता अनुसार निर्देशन दिने,

(थ) प्रतियोगिता आयोजनाको सन्दर्भमा प्रदेश अन्तर्गतका निकाय तथा स्थानीय तहसँग समन्वय गर्ने।

(द) समितिले आफुलाई तोकिएको मध्ये केही अधिकार दफा १३ बमोजिमको समिति वा समितिको सदस्य-सचिव वा कुनै अधिकृत कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

१३. <u>कार्यकारी समति-</u> (१) प्रदेश स्तरीय खेलकूद प्रतियोगिताको सञ्चालन तथा व्यवस्थापन, भौतिक पूर्वाधार, प्रशिक्षण, प्रतियोगिताको स्वरुप, प्रोत्साहन, पुरस्कार तथा अन्य पक्षहरुको व्यवस्थापन गर्न देहायको कार्यकारी समिति रहनेछः-

(क) सचिव, खेलकूद तथा समाज कल्याण मन्त्रालय - संयोजक

(ख) मन्त्रालयको खेलकूद हेर्ने महाशाखा प्रमुख - सदस्य

(ग) अधिकृत प्रतिनिधि, मधेश प्रदेश प्रहरी कार्यालय - सदस्य

(घ) प्रमुख, जिल्ला खेलकूद समिति धनुषा - सदस्य

(ङ) संयोजकले तोकेको खेल विज्ञ एक जना - सदस्य

(च) मन्त्रालयको खेलकूद हेर्ने शाखा प्रमुख - सदस्य

(छ) प्रदेश खेलकूद व्यवस्थापन समितिमा प्रशासनिक काम गर्ने कर्मचारी - सदस्य सचिव

(२) समितिको बैठकमा प्रतियोगितासँग सम्बन्धित व्यक्तिहरुलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

(३) कार्यकारी समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति र स्थानमा बस्नेछ।

(४) बैठक बस्दा समितिका सदस्यहरुले नियमानुसार बैठक भत्ता पाउने छन् ।

१४. <u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकार:-</u> कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) प्रतियोगिताको स्थान, समय र ढाँचा निर्धारण गर्ने,

(ख) परिषद् मातहतका खेल पूर्वाधारहरु उपलब्ध नभएको वा मर्मत हुँदै रहेको अवस्थामा अन्य निकायहरुसँग आवश्यक समन्वय गरी अन्य क्षेत्रको पूर्वाधार समेत प्रयोग गर्ने,

(ग) आवश्यकता अनुसार सम्बन्धित संघ वा प्रतिनिधिको सिफारिसमा सम्बन्धित खेलाडी, विज्ञ वा प्राविधिकको सल्लाह र समन्वयमा खेलाडीहरुलाई बन्द प्रशिक्षणमा राख्ने,

(घ) प्रतियोगितामा सहभागी हुने जिल्ला टिमको ड्रेस कोड निर्धारण गर्ने,

(ङ) प्रतियोगिता सञ्चालनका लागि दफा १६ बमोजिमको प्राविधिक समितको सिफारिसमा निर्णायकहरु छनौट गर्ने,

(च) खेलसँग सम्बन्धित संघ संस्थाहरुसँग खेलकूद गतिविधिमा आवश्यक समन्वय र सहकार्य गर्ने,

(छ) स्वीकृत बजेटको परिधिभित्र रही प्रतियोगिता सम्पन्न गर्नका लागि शिर्षकगत बजेट बाँडफाँड गरी खर्च गर्ने,

(ज) प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्न आवश्यकता अनुसार निश्चित समयका लागि स्वयंसेवक परिचालन गर्ने,

(झ) प्रतियोगिताका विजयी खेलाडीका लागि मेडल, ट्रफी, प्रमाणपत्र लगायतका विषयमा आवश्यकता अनुसार समितिमा सिफारिस गर्ने,

(ञ) यस कार्यविधि बमोजिम हुने आर्थिक दायित्वको बिषयमा मितव्ययिता तथा पारदर्शिता कायम गर्ने,

(ट) प्रतियोगितासँग सम्बन्धित अन्य कार्य गर्ने

१५. **खेल उपसमितिहरुको गठनः-** (१) प्रदेश स्तरीय खेलकूद प्रतियोगिता सहज तथा व्यवस्थित ढङ्गले सञ्चालन गर्न समितिले आफू अन्तर्गत रहने गरी उपसमितिको कार्यक्षेत्र तथा शर्तहरु तोकी देहाय अनुसार उपसमिति गठन गरी कार्य गराउन सक्नेछः-

क. समारोह उपसमिति
ख. खेलस्थल व्यवस्थापन उपसमिति
ग. अनुशासन उपसमिति
घ. यातायात उपसमिति
ङ. सुरक्षा प्रबन्ध उपसमिति
च. प्रचारप्रसार उपसमिति
छ. पुरस्कार, खेल सामग्री तथा पोशाक व्यवस्थापन उपसमिति
ज. अनुगमन उपसमिति
झ. स्वास्थ्य उपसमिति

(२) उपदफा (१) बमोजिमको प्रत्येक उपसमिति बढीमा पाँच सदस्य हुनेछ।
(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितले आवश्यकता र औचित्यताको आधारमा थप उपसमितिहरु बनाउन सक्नेछ।
(४) उपसमितिले आफ्नो कार्यक्षेत्र अन्तर्गत रहेर गरेका निर्णय एवम् कार्यहरुको प्रतिवेदन कार्यकारी समितिमा पेश गर्नुपर्नेछ।

## परिच्छेद-४

## प्राविधिक समिति

१६. **प्राविधिक समितिः** प्रतियोगितामा समावेश भएका प्रत्येक खेलको व्यवस्थापनका लागि कार्यकारी समितिले देहाय बमोजिमको ३ (तीन) सदस्यीय प्राविधिक समिति गठन गर्नेछः-

(क) सम्बन्धित खेलको विज्ञ - संयोजक

(ख) सम्बन्धित खेलको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निर्णायक - सदस्य

(ग) खेल विज्ञ मध्येबाट एक जना - सदस्य

१७. **प्राविधिक समितिको काम, कर्तव्य र अधिकारः-** प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतियोगिताको क्रममा आएका खेल सम्बन्धी विवाद समाधान गर्ने,

(ख) समितिलाई खेल तथा प्रतियोगिता सम्बन्धी राय सुझाव दिने,

(ग) खेलाडी तथा प्राविधिक कोटा निर्धारण गरी समितिलाई सिफारिस गर्ने,

(घ) कार्यकारी समितिलाई अन्य प्राविधिक सहयोग गर्ने,

## परिच्छेद-५

## आर्थिक व्यवस्थापन

१८. **रकम निकास तथा खर्चः-** प्रतियोगिता सहभागी र निर्णायकको भत्ता तथा अन्य शीर्षकमा रकम खर्च गर्दा देहाय बमोजिम गर्नुपर्नेछः-

(क) जिल्ला प्रतियोगिताको हकमा मन्त्रालयले अनुसूची-३ को अधीनमा रही पेश्की स्वरुप रकम जिल्ला खेलकूद विकास समितिमा कार्यरत् कर्मचारीलाई कार्यकारी समितिको स्वीकृती लिई उपलब्ध गराउन सक्नेछ ।

(ख) प्रदेश खेलकूद प्रतियोगिताको हकमा कार्यकारी समितिको निर्णय अनुसार मन्त्रालयले खर्च गर्नु पर्नेछ । मन्त्रालयले आवश्यक ठानेमा प्रदेश स्तरीय खेलकूद प्रतियोगिता समेत जिल्ला खेलकूद समिति/कर्मचारीलाई पेश्की रकम उपलब्ध गराई आयोजना गराउन सक्नेछ ।

(ग) जिल्ला प्रतियोगिता सञ्चालनका लागि आवश्यक स्वीकृत बजेट समितिले सम्बन्धित जिल्लाको कार्यालयले उपलब्ध गराउनेछ । जिल्लागत प्रतियोगिताहरुको खर्चको निर्धारण कार्यकारी समितिको सिफारिसमा प्रदेश खेलकूद व्यवस्थापन समितिले गर्नेछ।

(घ) प्रदेश प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक, अफिसियल र व्यवस्थापकलाई मन्त्रालयको खेलकूद बजेटबाट झोला, ट्र्याकसुट, जर्सी, जुत्ता, मोजा र टावेल सहितको सामाग्री सेट मन्त्रालयले बजेटको सीमा हेरी उपलब्ध गराउन सक्नेछ।

(ङ) प्रतियोगिताका लागि निकासा भएको रकमको विल भरपाई प्रतियोगिता समाप्त भएको ३५ दिनभित्र सम्बन्धित उपसमितिले कार्यकारी समितिमा पेश गर्नुपर्नेछ । जिल्लास्तरीय खेलकुदको हकमा फछ्यौंट गर्ने गराउने जिम्मा जिल्ला खेलकूद विकास समितिका अध्यक्ष र सचिवको हुनेछ।

(च) प्रतियोगिता सञ्चालन गर्दा बजेट शीर्षक भित्र रही खर्च गर्नुपर्नेछ तर कुनै कारणवश कुनै उपशीर्षकमा बजेट अपुग भई खर्च नगरी नहुने अवस्था आइपरेमा अन्य उपशीर्षकमा भएको बचत रकमबाट समितिको स्वीकृति लिइ बजेट थपघट गरी खर्च गर्न सकिनेछ।

(छ) प्रतियोगिता अवधिभित्र कुनै आकस्मिक घटना भइ प्रतियोगिताका लागि छुट्टयाइएको रकम अपुग भइ कार्य गर्न नसकिने अवस्था भएमा कार्यकारी समितिले निर्णय गरी बजेट थपको लागि खेलकूद व्यवस्थापन समितिमा अनुरोध गर्नुपर्नेछ।

(ज) प्रदेशस्तरीय प्रतियोगिताका लागि आवश्यक खरिद सम्बन्धी कार्य प्रचलित सार्वजनिक खरिद ऐन, नियम बमोजिम गर्नुपर्नेछ।

१९. **भत्ता तथा अन्य सुविधाः** (१) प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक, टिम मेनेजर, निर्णायक र पदाधिकारीलाई दफा २० बमोजिमको खर्चको मापदण्ड अनुसारको भत्ता तथा सुविधा उपलब्ध गराइनेछ तर जिल्ला प्रतियोगिताको हकमा सम्बन्धित जिल्ला खेलकूद विकास समितिले नै व्यवस्था गर्नुपर्नेछ।

(२) प्रदेशस्तरीय प्रतियोगिता तथा प्रशिक्षण अनुगमन गर्नेलाई प्रचलित कानून बमोजिम दैनिक भ्रमण भत्ता दिइनेछ ।

(३) स्थानीय सहभागीलाई प्रतियोगिता सुरु हुनुभन्दा एक दिन अगाडि देखि आफ्नो टिमको प्रतियोगिता अवधिसम्म दैनिक भत्ता दिइनेछ भने अन्य जिल्लाका सहभागीलाई बाटोको लागि लाग्ने दिनको समेत दैनिक भत्ता दिइनेछ।

(४) कुनै पनि सहभागीलाई दोहोरो पर्ने गरी दैनिक भत्ता दिइने छैन ।

(५) प्रदेशस्तरीय प्रतियोगिताको लागि गठित विभिन्न उपसमितिका पदाधिकारीका नाममा पेश्की लिई उपसमितिले तोकिएको कार्य गर्न सक्नेछ।

२०. **खर्चको मापदण्डः-** (१) जिल्ला तथा प्रदेश स्तरमा संचालन हुने र अन्तर प्रदेश तथा राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी हुने खेलकुद प्रतियोगिताको खर्चको मापदण्ड दफा १३ को कार्यकारी समितिको सिफारिसमा दफा ११ को समितिले अनुसूची ३ को अधीनमा स्वीकृत गरे बमोजिम हुनेछ।

(२) जिल्ला तथा प्रदेश स्तरमा संचालन हुने खेल प्रतियोगिताको लागि स्वीकृत कार्यक्रम तथा बजेटबाट खर्च गरिनेछ।



चुडामणि पुर्याल
प्रदेश सचिव

## परिच्छेद-६

## विविध

२१.सम्झौता गर्न सक्नेः- प्रतियोगितामा व्यक्ति, निजी कम्पनी, व्यवसायिक संघसंस्था तथा सार्वजनिक निकायले समितिसँग सम्झौता गरी खेलको विज्ञापन गर्न सक्नेछ।

२२. लोगो र मस्कट छनौट गर्नेः- प्रतियोगिताको स्वरुप हेरी समितिले प्रतीक चिन्ह (लोगो) र मस्कट छनौट गर्नेछ।

२३.प्रतियोगितामा सहभागि हुन पाउनेः- खेलाडीहरुले अनुसूची-१ बमोजिमको खेलाडी दर्ता फाराम भरी प्रतियोगिता आयोजना गर्ने निकायमा बुझाएपछि मात्र प्रतियोगितामा सहभागी हुन पाउने छन् ।

२४. **कार्यविधि बमोजिम प्रतियोगिता सञ्चालन हुनेः-** प्रदेश स्तरका अन्य खेलकूद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका लागि छुट्टै कार्यविधि बनाउन यस कार्यविधिले बाधा पुर्याउने छैन।

तर त्यस्तो कार्यविधि नबनेसम्म उक्त प्रतियोगिताहरु समेत यसै कार्यविधि बमोजिम सञ्चालन गर्न सकिनेछ।

२५. **खेलाडीको बीमा गरिनेः-** प्रतियोगितामा सहभागी खेलाडीहरुको प्रचलित नियमानुसार दुर्घटना बीमा गराइनेछ।

२६. **शपथ ग्रहणः-** प्रतियोगिता सञ्चालन गर्दा खेलाडी तथा निर्णायकहरुको शपथ ग्रहण अनुसूची-२ बमोजिम हुनेछ।

२७. **आचारसंहिताः-** प्रतियोगिता अवधिभर सहभागी खेलाडीहरु, आचरण एवं अनुशासनमा रहे वा नरहेको हेर्न जिम्मेवारी जिल्लाबाट प्रदेशमा सहभागी हुँदा जिल्लाको टोली नेता, व्यवस्थापक तथा अफिसियलमा रहनेछ । जिल्ला तथा प्रदेश प्रतियोगिताको मर्यादामा आघात पुग्ने गरी अवाञ्छनीय क्रियाकलापमा संलग्न हुने सहभागी माथि आयोजक समिति र सम्बन्धित संघले कसुर अनुसारको कारवाही गरी समितिलाई जानकारी गराउनु पर्नेछ र तत्सम्बन्धमा समितिको निर्णय अन्तिम हुनेछ।

२८. **प्रतियोगिताबाट अलग हुन नपाउनेः-** जिल्ला तथा प्रदेश प्रतियोगितामा सहभागी टिम एवं खेलाडीहरु प्रतियोगिता अवधिभर प्रतियोगिताबाट अलग हुन पाउने छैनन् । तर विशेष कारणवश प्रतियोगिताबाट अलग हुनुपर्ने बाध्यात्मक स्थिति भएमा आयोजकको पूर्व स्वीकृति लिई प्रतियोगिताबाट बाहिरिने सक्नेछन् ।

२९. <u>प्रतियोगिता स्थगितको अवस्थाः-</u> मौसमको गडबडी वा कुनै आकस्मिक घटनाका कारणबाट कुनै प्रतियोगिता वा खेल स्थगित भएमा सो प्रतियोगिता प्रदेश खेलकूद परिषद् तथा सम्बन्धित खेल संघसँग परामर्श गरी आयोजक समितिले निर्धारण गरेको स्थान, समय र मितिमा गरिनेछ।

३०. <u>सुरक्षा व्यवस्थाः-</u> खेल प्रतियोगितामा खेलमैदान र प्रतियोगितामा आवश्यक सुरक्षा सम्बन्धी जिम्मेवारी सम्बन्धित स्थानीय सुरक्षा निकायसंग समन्वय गरी गरिने छ।

३१. <u>खारेजी र बचाऊः</u>

(१) प्रदेश स्तरीय खेलकूद प्रतियोगिता संचालन कार्यविधि २०७८ खारेज गरिएको छ ।

(२) उक्त कार्यविधि बमोजिम हालसम्म भए गरेका सबै कार्यहरु यसै कार्यविधि बमोजिम गरिएको मानिनेछ ।

३२. <u>वाधा अड्काउ फुकाउनेः-</u>

(१) यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै समस्या आइ परेमा मन्त्रालयले आवश्यकता अनुसार वाधा अड्काउ फुकाउन निर्णय गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम भएको निर्णय अन्तिम हुनेछ ।



चुडामणि फुयाल
प्रदेश सचिव

अनुसूची-१

(दफा-९, सँग सम्वन्धित)

प्रदेश खेलकुद व्यवस्थापन समिति

.....................................प्रतियोगिता-२०........

फोटो

खेलाडी दर्ता फारम

खेलाडी दर्ता नं.........................................................

दर्ता .........................................................................

मिति...........................................................................

खेलाडीको नामः-.......................................................

तहः-..........................

तहगत वर्षः-..............................................................

रोल नं.:-..................

तौल समूहः-...............................................................

अध्ययनरत संस्थाको नाम र ठेगनाः-...........................................................

संलग्न खेल क्लवको नाम र ठेगानाः-.........................................................

खेलको नामः-...............................................................................................

ईभेन्टसः-.........................................खेल शुरु गरेको मितिः-..................

प्रशिक्षक/भोलिन्टियर प्रशिक्षकको नामः-.................................................

प्रशिक्षण स्थलः-.....................................

हालसम्म सहभागी प्रतियोगिताको नामः-

१. ..........................................................................................................

२. .........................................................................................................

३. .........................................................................................................

४. ...............................................................................................

५. ...............................................................................................

महिला/पुरुषः- ................................................................................

उचाईः- ...........................................................................................

तौलः- ........................................... जन्म मितिः ................................

नागरिता नं. ....................................................

स्थायी ठेगानाः- पालिका.................................... वडा नं. ......................

जिल्लाः- ........................................... प्रदेशः- .................................

प्रदेशः- ......................................... फोन नं. ....................................

मो.नं. .................................. बुबाको नामः- ...................................

आमाको नामः- ..................... पेशाः-..............................................

प्रदेशको खेलकुद नीति तथा निर्देशनलाई पूर्ण रुपमा पालना गर्दै म सहभागी हुने जुनसुके प्रशिक्षण तथा प्रतियोगितामा खेलकुदको उच्च आदर्श अनुरुप अनुशासित भई खेल खेल्ने प्रतिज्ञा गर्दछु। खेलकुदको मर्म र आदर्श प्रतिकुल हुने गरी मैले कुनै पनि क्रियाकलाप गरेमा प्रदेश खेलकुद विकास परिषद्ले तोकेको दण्ड/सजाय एंव कारवाही भोग्न मन्जुर छु। प्रशिक्षण तथा प्रतियोगिताको समयमा कुनै दर्घटना भएमा म स्वयं जिम्मेवार हुनेछु। माथि लेखिएको सम्पूर्ण व्यहोरा ठिक साँचो छ। झुठ्ठा ठहरिएमा नियम कानुन बमोजिम सहुँला बुझाउँला।

खेलाडीको हस्ताक्षर ................................................................

<u>प्रमाणित गर्ने सम्वन्धित निकायका अधिकारीको:</u>

नामः- ...................................................

पदः-.....................................................

दस्तखतः-..............................................

मितिः-................................................. सम्वन्धित निकायको छाप

अनुसूची-२

(दफा २७ सँग सम्बन्धित)

प्रदेश खेलकुद व्यवस्थापन समिति

**खेलाडी तथा निर्णायकका लागि सपथको व्यहोरा**

(क) खेलाडीका लागि

म .......................................सलग्न ................................टिमको तर्फबाट यस ............................................खेलका सम्पूर्ण नियमहरुको पालना तथा आदर गर्दै खेलकूदको उच्च आदर्श र मर्यादा कायम राख्दै खेल खेल्ने प्रतिज्ञा गर्दछु।

हस्ताक्षर

खेलाडीको नामः-..........................

खेलको नामः-..............................

टिमको नाम र ठेगानाः-.................

मिति र समयः-............................

(ख) निर्णायकको लागि

म.............................................स्वयं र सम्पूरुण निर्णायकहरुको तर्फबाट यस ..................... खेलका सम्पूर्ण नियमहरु पालना गर्दै खेलकूदको उच्च आदर्श र मर्यादा अनुरुप खेलहरु निष्पक्ष रुपमा खेलाउने प्रतिज्ञा गर्दछु।

हस्ताक्षर

खेलाडीको नामः-..........................

खेलको नामः-..............................

मिति र समयः-............................

चुडामणि फुयाल
प्रदेश सचिव

अनुसूची-३

## खेलकूद प्रतियोगिता सञ्चालन खर्च सम्बन्धी मापदण्ड

| क्र. सं | विवरण | स्थानीय स्तर | जिल्ला स्तर | प्रदेश स्तर | कैफियत |
|---|---|---|---|---|---|
| १ | उद्घाटन÷समापन खर्च | ४०,०००/- | ७०,०००/- | १,००,०००/- | बढीमा |
| २ | खेलकूद सामग्री | १५,०००/- | २०,०००/- | ३०,०००/- | एकमुष्ट÷प्रत्येक खेलप्रतियोगिता (खेलको प्रकृति अनुसार) |
| ३ | मेडिकल सामग्री | १०,०००/- | २०,०००/- | ३०,०००/- | एकमुष्ट |
| ४.१ | खाना खर्च एक जिल्लबाट अर्को जिल्ला प्रशिक्षण दिन | ६००/- | ६००/- | ६००/- | प्रति प्रशिक्षक, प्रति दिन |
| ४.२ | खाना र बास खर्च प्रतियोगितामा सहभागी हुने र बन्द प्रशिक्षणमा सहभागी हुने खेलाडी/प्रशिक्षक/व्यवस्थापक | १६००/- | १६००/- | १६००/- | दैनिक प्रति खेलाडी÷प्रशिक्षक ÷ व्यवस्थापक (बढीमा) |
| ४.३ | स्वयंसेवक खाजा खाना प्राविधिक समितिबाट आवश्यकताको निर्णय भएमा प्रतियोगिताको दिन मात्र | ४००/- | ४००/- | ४००/- | दैनिक प्रति स्वयंसेवक |
| ५.१ | निर्णायकलाई थप सुविधा अन्तराष्ट्रिय निर्णयक | ५०० | ७५० | १००० | काम गरेको दिनको |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.२ | अन्य निर्णायक थप सुविधा | ४००/- | ५००/- | ६००/- | काम गरेको दिनको |
| ६ | इन्धन खर्च | ५,००० /- | १०,००० /- | १५,०००/- | एकमुष्ट |
| ७ | व्यवस्थापक भत्ता | ५००/- | ७००/- | १,००० /- | प्रतियोगिताको दिन |
| ८ | सार्वजनिक विदामा खटिने पदाधिकारी कर्मचारीलाई थप प्रोत्साहन भत्ता | ७५०/- | ७५०/- | ७५०/- | |
| ९.१ | ट्र्याकसुट जुत्ता मोजा जर्सी टावेल सहितको झोला खेलाडी÷प्रशिक्षक तथा निर्णायक तथा व्यवस्थापकलाई | बढीमा ५०००/- | बढीमा ६०००/- | बढीमा ७५००/- | अन्य प्रदेश तथा राष्ट्रिय प्रतियोगितामा सहभागीको लागि प्रदेश स्तर खर्च मापदण्ड अनुसार दोहोरो सुविधा नहुने÷नपाउने गरी । |
| ९.२ | निर्णायकलाई जर्सी | २,०००/- सम्म | २,५००/– सम्म | ३,५००/-सम्म | |
| १० | मेडल÷प्रमाणपत्रको लागि | ५००/- | ५००/- | ५०० /- | प्रति खेलाडी/प्रशिक्षक /निर्णायक तथा व्यवस्थापक समेतको लागि |
| ११ | पुरस्कार | खेलाडीहरु/प्रशिक्षकहरु | | | |
| ११.१ | प्रथम पुरस्कार | ३,०००/- | ४,०००/– | ५,०००/- | प्रति खेल टिमका प्रतिखेलाडी÷प्रशि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | क्षक |
| ११.२ | द्वितीय पुरस्कार | २,०००/- | ३, ०००/– | ४,०००/- | प्रति खेल टिमका प्रति खेलाडी÷प्रशिक्षक |
| ११.३ | तृतीय पुरस्कार | १,०००/- | २,०००/– | ३,०००/- | प्रति खेल टिमका प्रति खेलाडी÷प्रशिक्षक |
| १२.१ | विजेता टिम स्वर्ण | ३,०००/- | ४,०००/– | ५,०००/- | व्यक्ति इभेन्टलाई दिइने छैन । |
| १२.२ | उप– विजेता टिम रजत | २,०००/- | ३,०००/– | ४,०००/- | व्यक्ति इभेन्टलाई दिइने छैन । |
| १३ | प्रचार प्रसार खर्च | ६,०००/- | ७,५००/- | १०,०००/- | |
| १४ | खेलको प्रत्यक्ष, प्रसारण | | | २,००,०००/- | |
| १५ | अनुगमनमा जाने पदाधिकारी कर्मचारी दैनिक भ्रमण भत्ता | | | | नियमानुसार |
| १६ | अन्य प्रदेशबाट सहभागी हुन आउने खेलाडी प्रशिक्षक अफिसियललाई खाना तथा बास खर्च | | | १,६००/- | प्रति सहभागी प्रति दिन |
| १७ | पुरस्कार | | | | |
| १७.१ | प्रथम पुरस्कार प्रति खेल÷प्रति टिम | | | २५,०००/- | विभिन्न खेल समावेश हुने प्रतियोगिताको बढी अंक प्राप्त गर्ने प्रदेश/जिल्ला/विभागीय टिम |

| | | | | | |
|---|---|---|---|---|---|
| १७.२ | द्वितीय पुरस्कार प्रति खेल प्रति टिम | | | २५,०००/- | |
| १७.३ | तृतीय पुरस्कार प्रति खेल प्रति टिम | | | १५,०००/- | |
| १८ | ट्रफी÷शिल्ड | १५,०००/- | २०,०००/- | २५,०००/- | १ सेटको |
| १९ | विविध (चिया, पानी, सरसफाई लगायत) | १०,०००/- | ५०,०००/- | १,००,०००/- | एकमुष्ट |
| २० | प्रदेश÷राष्ट्रिय खेल प्रतियोगिता सम्पर्क कार्यालय व्यवस्थापन खर्च | | २०,०००/- | २५,०००/- | |
| २१ | प्रतियोगिता संचालन व्यवस्थापन खर्च (टेन्ट निर्माण लगायतका खर्च) | ५०,०००/– | ७५,०००/- | १,५०,०००/- | |



चुडामणि फुयाल
प्रदेश सचिव

द्रष्टव्यः

१. यातायात खर्चको हकमा अन्तर्राष्ट्रिय प्रशिक्षक तथा निर्णायकलाई हवाई तथा अन्यलाई बस टिकटको भाडा बराबरको रकम उपलब्ध गराइने छ । सहभागी खेलाडी, निर्णायक, प्रशिक्षक तथा व्यवस्थापकलाई खेल सुरु हुनु भन्दा १ दिन अघि र १ दिन पछिको समेत दैनिक भ्रमण भत्ता उपलब्ध गराईनेछ ।

२. राष्ट्रि प्रतियोगितामा पदक विजेता खेलाडी तथा प्रशिक्षकलाई तपसिल बमोजिमको रकम दिई सम्मान गरिनेछ ।

तपसिल

राष्ट्रिय स्तर

स्वर्णः रु.५०,००० /-

रजतः रु.१५,००० /-

कास्यः रु १०,००० /-

३. अन्तर प्रदेश प्रतियोगिताको लागि थप पुरस्कारको व्यवस्था मन्त्रालयले गर्न सक्नेछ ।

४. खेल प्रतिस्पर्धामा सहभागी खेलाडी/प्रशिक्षक/व्यवस्थापक/निर्णायकलाई रु.५,००,०००/- (पाँच लाख) बराबरको दुर्घटना बिमामा लाग्ने प्रिमियम खर्च मन्त्रालयले व्योहोर्ने छ ।

५.खेलाडी सहभागीता तथा व्यवस्थापन खर्च (मेडिकल तथा विविध): आवश्यकता अनुसार

६.खेलकूद सामग्री (भाडामा लिन) व्यवस्था प्रतियोगिताको प्रकृति र आवश्यकता अनुसार गर्न सकिनेछ ।

७. माथि भएका खर्च शीर्षकमा सीमा भित्र रही मन्त्रालयले खेलको प्रकृति अनुसार रकम निर्धारण गर्नेछ ।

८.एक खेलाडी एक भन्दा बढी इभेन्ट/स्पर्धामा पदक प्राप्त गरेमा पदक बमोजिम थप पुरस्कार दिइनेछ ।

९. प्रदेशले आयोजना गर्ने अन्तर प्रदेश प्रतियोगिताको खर्च यसमा उल्लेख भएकोमा यसै बमोजिम र कम भएमा आवश्कता अनुसार बजेट थप गर्न सकिनेछ ।



चुडामणि पुर्याल
प्रदेश सचिव